कार्तिक २२, २०८०

आ.ब.२०८०/८१ को चौथो कार्यपालिका वैठक

आज मिति २०८० कार्तिक २२ गते बुधवारका दिन यस टोखा नगरपालिकाका कार्यवाहक प्रमुख श्री मुरारी तामाङज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८०/८१ को चौथो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | कार्यवाहक प्रमुख | श्री मुरारी तामाङ | | |
| २ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ३ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ४ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ५ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ६ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ७ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ८ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| ९ | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| ११ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १२ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १३ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १४ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १५ | न.का.स | श्री सायरा परियार | | |
| १६ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १७ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १८ | न.का.स | श्री शान्ता राई | | |
| १९ | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २० | न.का.स | श्री सरिता घले | | |
| २१ | न.का.स | श्री वच्चुराज वस्याल | | |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>जाजरकोट र रुकुम पश्चिमका भुकम्प पिडितलाई राहत तथा सहयोग सम्वन्धमा</td><td>जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रबिन्दु भएर मिति २०८० कार्तिक १७ गते राती ११: ४७ बजे गएको भुकम्पबाट मृत्यू हुनु भएका व्यक्तिहरु प्रती हार्दिक श्रद्धान्जली व्यक्त गरी घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै पिडितहरुको उद्धार, राहत, पुनर्स्थापना तथा भत्किएका संरचनाको पुनः निर्माणको लागि नेपाल सरकारले खडा गरेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. १० लाख विपद् व्यवस्थापन कोषबाट जम्मा गर्ने ।<br>सोहि कोषमा नगरपालिका तथा अन्तर्गत कार्यरत अधिकृतस्तरका कर्मचारीहरुको २ दिन र सो भन्दा तल्लो तहका कर्मचारीहरुको १ दिनको पारिश्रमिक रकम कट्टागरी जम्मा गर्ने, एवं मा.वि.शिक्षकहरुको २ दिनको र अन्य शिक्षक तथा कर्मचारीहरुको १ दिनको पारिश्रमिक वरावरको रकम कट्टागरी जम्मा गर्ने साथै नगरपालिकाका जनप्रतिनिधिहरुको तर्फबाट एकमुष्ट ५९ हजार हुने गरी प्रतिव्यक्ति दामासाहि रुपमा कट्टा गरी सोहि कोषमा जम्मा गर्ने ।</td></tr>
<tr><td>३</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>टि.एन.आर.एस.कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा-९</td><td></td></tr>
<tr><td>२.</td><td>के.एम.आर.वाई.निर्माण कम्पनी प्रा.लि</td><td>टोखा न.पा-४</td><td></td></tr>
<tr><td>३.</td><td>बिराड कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा-१</td><td></td></tr>
<tr><td>४.</td><td>च्छो रोल्पा क्षन्जिनियरिङ्ग सर्भिसेस</td><td>टोखा न.पा-४</td><td></td></tr>
<tr><td>५.</td><td>किस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा-१०</td><td></td></tr>
<tr><td>६.</td><td>शान्तिमा निर्माण एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा-६</td><td></td></tr>
<tr><td>७.</td><td>जिग्मे कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा-९</td><td></td></tr>
<tr><td>८.</td><td>अक्षरा कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि</td><td>टोखा न.पा-१०</td><td></td></tr>
<tr><td>९.</td><td>साम इन्जिनियरिङ्ग कन्सेल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा-८</td><td></td></tr>
<tr><td>१०.</td><td>गोल्डी कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा-८</td><td></td></tr>
<tr><td>११.</td><td>विराज कन्स्ट्रक्सन एण्ड कन्सल्टिङ्ग प्रा.लि</td><td>टोखा न.पा-८</td><td></td></tr>
<tr><td>१२.</td><td>जोहाङ्ग सत्यवत्ती कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा-८</td><td></td></tr>
<tr><td>१३.</td><td>कल्याणकारी श्रेष्ठ कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा-४</td><td></td></tr>
<tr><td>१४.</td><td>हाम्स इन्जिनियर्स एण्ड कन्ट्याक्टर्स</td><td>टोखा न.पा-५</td><td></td></tr>
<tr><td>१५.</td><td>पियोर नेक्स्ट कन्स्ट्रक्सन</td><td>टोखा न.पा-७</td><td></td></tr>
<tr><td>१६.</td><td>फस्ट च्वाइस कन्स्ट्रक्सन कम्पनी प्रा.लि</td><td>टोखा न.पा-९</td><td></td></tr>
<tr><td>१७.</td><td>माँ कमलेश्वरी निर्माण सेवा प्रा.लि</td><td>टोखा न.पा-४</td><td></td></tr>
<tr><td>१८.</td><td>प्रज्वल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा-९</td><td></td></tr>
</table>
</td></tr>
</table>

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| ४ | विविध | १. तेह्रौं नगरसभामा उपभोक्ता समिति/ टोल विकास संस्था तथा अन्य लाभग्राही समूह मार्फत कार्यान्वयन हुने आयोजनाको अधिकमतम् सीमा रु ५० लाख ( स्वीकृत लागत अनुमान बमोजिम) तोकिएकोमा उक्त अधिकतम् सीमा लाभग्राही समुदायको योगदान वापतको रकम सहित वा बाहेक भन्ने बिषयमा अस्पष्टता भएकोले अधिकतम् सीमा रु ५० लाख तोक्ने प्रयोजनको लागि कूल स्वीकृत लागत अनुमान मध्ये उपभोक्ता समिति/ टोल विकास संस्था तथा अन्य लाभग्राही समुदायले व्यहोर्ने योगदान वापतको रकम घटाई नगरपालिकाबाट ब्यहोरिने रकमलाई मात्र गणना गर्ने गरी नगरसभाको निर्णयलाई थप स्पष्ट पार्ने ।<br>२. आर्थिक ऐन, २०८० को दफा १५(ग) मा योजना/कार्यक्रम संचालन गर्ने उपभोक्ता समिति/ टोल विकास संस्था/ क्लव, संघसंस्था आदिका सबै सदस्यले आफुले तिर्न पर्ने बक्यौता सहितको कर दाखिला गरेको कागजात पेश गर्नु पर्ने व्यवस्था गरेकोमा कतिपय सदस्य नगरक्षेत्र बाहिरको वासिन्दा हुने, कतिपय करको अधिकार क्षेत्र प्रचलित कानुन बमोजिम टोखा नगरपालिकालाई नहुने तथा कतिपय टोखा नगरबासी सदस्यको करतिर्नु पर्ने दायित्व समेत नहुने भएकोले आर्थिक ऐनको उक्त व्यवस्थाबाट नगरसभाबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा जटिलता देखिएकोले आर्थिक ऐन, २०८० को दफा १९ ले दिएको अधिकार प्रयोग गरी **आयोजना सम्झौताको लागि पदाधिकारी ३ जना ( अध्यक्ष, सचिव र कोषाध्यक्ष) ले नगरपालिकालाई बुझाउनु पर्ने कर तिरेको कागजात समावेश गरे पुग्ने तथा कार्यक्रम सम्झौताको लागि नगरपालिकामा कर तिरेको कागजात आवश्यक नपर्ने** गरी ऐ. ऐनको दफा १५(ग) मा भएको व्यवस्थालाई सरलीकरण गरी आयोजना तथा कार्यक्रम सम्झौता प्रकृयालाई सहज बनाउने ।<br>३. नगरकार्यपालिकाको मिति २०८०/६/२४ को बैठकले टोखा नगरपालिकावाट घ बर्गको निर्माण व्यावसायी ईजाजतपत्र प्रदान गर्ने बिषयलाई व्यवस्थित गर्ने विषयमा मिति २०८० कार्तिक मसान्त भित्र अध्ययन गरी प्रतिवेदन पेश गर्न गठन गरेको कार्यदलमा तपशिल बमोजिम संशोधन गर्ने ।<br>कार्यपालिका सदस्य एवं प्रवक्ता श्री वच्चुराज वस्याल - संयोजक<br>वडा नं. १ का वडाध्यक्ष श्री रमेश कुमार लामिछाने — सदस्य<br>वडा नं. ४ का वडाध्यक्ष श्री धर्मेन्द्र श्रेष्ठ - सदस्य<br>४. स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन अनुसार संघ संस्था/ क्लव/ खेलकूद मञ्च आदि जस्ता संघ संस्थाहरु दर्ता अनुमति र नविकरणको लागि आवश्यक कार्यविधि तय गरी कार्यान्वयन गर्न शिक्षा युवा तथा खेलकूद शाखालाई कार्यविधि निर्माणको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।<br>५. भूमिहिन सुकुम्वासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोवासी सम्वन्धमा |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

संकलन भएका निवेदनहरु राष्ट्रिय भूमि आयोगको सफ्टवेयरमा प्रविष्ट गरी उल्लेखित कार्यसंग सम्वन्धित प्रकृया सम्पन्न गर्न सफ्टवेयर प्रविष्टि कार्यको लागि कम्प्युटर अपरेटर श्री सुवास सापकोटा र प्रकाश डंगोललाई उक्त कार्य सम्पादन नभए सम्मका जिम्मेवारी तोक्ने ।

६. ७ नं. वडा कार्यालयको मिति २०८०/७/१९ को पत्रानुसार गत आ.ब २०७९/८० मा उपभोक्ता समितिसंग सम्झौता भएका तपशिल वमोजिमका आयोजनाहरुको म्याद २०८० मंसिर समान्त सम्म थप गर्ने ।

| क.स | आयोजनाको नाम | संचालित वडा | कै |
|---|---|---|---|
| १ | भू.पु प्रहरी संगै पार्क र ढुगाँको वाल निर्माण | ७ | तेहौं नगरसभाबाट क्रमागत भएको सि.नं. ८१९ |
| २ | दाहाल गौडा जडिवुटी पार्क निर्माण | ७ | तेहौं नगरसभाबाट क्रमागत भएको सि.नं. ८१८ |

७. साविक धापासी गा.वि.स. हाल टोखा नगरपालिका वडा नं. ६, कि.नं. ९, क्षेत्रफल १२-५-०-० को सार्वजनिक जग्गा मध्ये पूर्व पट्टी सडकको मापदण्ड छोडी चुनदेवी सामुदायिक विद्यालयको भवन निर्माण अनुमति प्रदान गर्ने ।

८. सुत्केरी पोषण खर्च वितरण कार्यविधि निर्माणको लागि स्वास्थ्य शाखालाई सैद्धान्तिक सहमति प्रदान गर्ने ।

९. नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।

| क.स | सवारीको विवरण | भुक्तानी गर्नु पर्ने रकम | सवारी प्रयोगकर्ता/ चालक |
|---|---|---|---|
| १ | वा.प्र.०१-००२ झ ५५२४ | ११०७५०/- | अजय कार्की |
| २ | वा.१.ज २७०३ | १२२५४२/- | अविनाश खड्का |
| ३ | बा.२.ब ३३२४ | ३६४१९/- | जिवन कुमार विष्ट |
| ४ | बा.२.ब २७३७ | २८९७०/- | प्रकाश भण्डारी |
| ५ | बा.२.ब २०२२ | ५७९३१/- | सीताराम आचार्य |
| ६ | बा.प्र.०२००१ब ४७४९ | १६६०५/- | कुवेर ढुगाँना |
| ७ | बा.२.ब ९९१२ | १५०८०/- | सन्तोष पौडेल |
| ८ | बा.२.झ ३७६६ | २४५३६६/६३ | रामलाल श्रेष्ठ |

१०.टोखा नगरपालिका र सोनाक कन्स्ट्रक्सन प्रा.लि काठमाडौं वीच Finishing works including aluminium works and grill works of tokha municipality

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | office ( ठेक्का नं. 32/SQ/TM/w/ 2079-80) कार्यको लागि सम्झौता भएकोमा फिल्डको आवश्यकता अनुसार साविक सम्झौता रकमको २९.६२ प्रतिशत (रु. ४४२१६९/९०,भ्याट सहित) भेरियसन स्वीकृत गरी सम्वन्धित निर्माण व्यावसायीलाई भेरियसन आदेश जारी गर्ने ।<br>११. मिति २०८०-६-२४ को का.पा वैठकबाट झुडोल स्थित बालकृष्ण ढुंगेलको घर देखि उत्तरपूर्व शशी नेपाल र दिपक लम्सालको घर सम्म सडक ढल तथा ढलान शिर्षकको योजना स्वीकृत भई रकम विनियोजन भएकोमा उक्त योजना संशोधन गरी सडकको प्रोटेशनको लागि वाल निर्माण गर्ने ।<br>१२.आयोजना/कार्यक्रमहरुको कार्यान्वयन गर्न तपशिल बमोजिमको रकम तेह्रौं नगरसभाको विभिन्न शिर्षकहरुमा विनियोजित रकम मध्येवाट विनियोजन गर्ने । |

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | झुडोल प्रवेश नगर कमल सिंह वस्नेतको घर देखि सुर्य दर्शन जाने उकालोसम्म ढल तथा मंगाल राख्ने र ग्राभेल गर्ने शिलशिलामा नपुग रकम | ३ | ९९ हजार | २७० |
| २ | बैकुण्ठपुरी सामुदायिक भवन मर्मत थप रकम | ११ | ५ लाख | २७० |
| ३ | वंगालादेशमा भएको 1st banga bandu open international Taekwondo chapionship २०२३ मा स्वर्ण र रजत पदक हासिल गर्ने ३ जना खेलाडिहरुको आवत जावतको प्लेन टिकट खर्च | | ८० हजार | २६६ |
| ४ | WFTU लाई public Service Mirror नामक मुखपत्र प्रकाशन सहयोग | | २५ हजार | २२५२२ |
| ५ | गोगंवुं परोपकार महिला संघद्धारा आयोजित जनचेतना तथा सांस्कृतिक कार्यक्रमको रकम भुक्तानी | ९ | ९९ हजार | २०७ |
| ६ | मगर उत्थान समाजको क्षमता अभिबृद्धि तथा विभिन्न कार्यक्रमहरु संचालन सहयोग | ११ | ९९ हजार | २०७ |
| ७ | संसाक मासिक मार्फत | | ३० हजार | २०७ |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्रष्टा सम्मान तथा सिर्जना वाचन कार्यक्रम सहयोग | | | |
| | | ८ | रजमान टोल मोटरबाटो स्तरोउन्नती | १ | ३ लाख | २७० |
| | | ९ | नगरपालिकका विभिन्न गतिविधिहरु प्रकाशन/ प्रशारण मिडिया मार्फत | | १ लाख ५० हजार | २२३१५ |
| | | १० | परफेक्ट मिडिया प्रा.लि मार्फत रेडियो हरपलमा विभिन्न सूचना तथा जानकारीहरु प्रकाशन प्रशारणको लागि भएको सम्झौता अनुमोदन | | ४९७३०० | २२३१५ |
| | | ११ | वडा नं. ३ को ग्राण्डीभिल्ला क्रियापुत्री भवनमा ईन्टरनेट जडान कार्य | ३ | २५ हजार | २२३१५ |
| | | १२ | न्यूज समायोजनको अगुवाईमा रक्तदान कार्यक्रम | | २५ हजार | २०७ |
| | | १३ | भिन्तुना कार्यक्रममा रक्तदान कार्यक्रम | २-३ | २५ हजार | २०७ |
| | | १४ | ITF तोक्वान्दो राष्ट्रिय खेल च्याम्पियनसीप कार्यक्रमको लागि नपुग रकम थप | ४ | १ लाख | २६६ |
| | | १५ | करांते प्रतियोगिता ( टोखा सो-क्याकुशिन करांते उप-डोजो मार्फत संचालन) | १ | ३ लाख | २६६ |
| | | १६ | शंखेश्वर मन्दिरका लागि विभिन्न सामाग्री( पुजा भाडा आदि वस्तुहरु) | ३ | १ लाख | २६९ |
| | | १७ | भन्चो टोल विष्णुमति खोला किनारमा १५ थान सडक वत्ती | ३ | ५० हजार | २७० |
| | | १८ | महेन्द्रेश्वर शिवालय संरुक्षण समितिलाई श्रावण सोमबारको विशेष पुजा तथा प्रसादको रकम भुक्तानी | १० | ३० हजार | २६९ |
| | | १९ | गोगंवुमा हुने सुकुन्दा सास्कृतिक र्याली | गोगंवुं | ९५ हजार | २६९ |

आ.ब.२०८०/८१ को चौथो कार्यपालिका वैठक

कार्तिक २२, २०८०

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यक्रमको लागि कार्यक्रम सम्पन्न पश्चात भुक्तानी उपलव्ध गराउने | | | | |